म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २०७ २०८१ असार ५ गते बुधबार 19 June 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




# बढ्यो तजबिजी बजेट, शक्तिशाली मन्त्रीलाई बढी बजेट



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट वृद्धि गरेको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट प्रस्तुत गरेको हो । चालु आर्थिक वर्षमा ६२ अर्ब ७० करोड रुपैयाँको बजेट प्रस्तुत गरेको प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट ल्याएको छ ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि विनियोजन गरेको कुल बजेटमध्ये चालुतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पुँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ रहेको छ । कुल विनियोजनको चालुतर्फ ४०.४४ प्रतिशत, पुँजीगततर्फ ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ २.३२ प्रतिशत बजेट रहेको छ ।

## विकासे र वितरणमुखी मन्त्रालयमा बढी बजेट

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेटको आकार बढाए पनि केही मन्त्रालयको बजेट भने अस्वभाविकरुपमा कटौती गरेको छ । विषेशगरी मुख्यमन्त्री कार्यालयमा बजेट स्रोतविहीन बनाइएको छ भने आर्थिक मामिला मन्त्रालयको बजेट बढाइएको छ ।

आगामी आर्थिक वर्षको बजेटमा आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले नागरिकहरुको प्रत्यक्ष सरोकार रहने र सरकारलाई आम जनतासँग जोड्ने मन्त्रालयको बजेट कटौती गर्नुभएको छ भने विकासे र वितरणमुखी मन्त्रालयको बजेट बढाउनुभएको छ । विकासे मन्त्रालय (भौतिक पूर्वाधार) र वितरणमुखी मन्त्रालय (संस्कृति, वन तथा वातावरण, रोजगार लगायत) को बजेट बढाइएको छ । युवा तथा खेलकुद मन्त्रालय, कृषि तथा पशुपछी विकास मन्त्रालयको बजेट कटौती गरिएको छ ।

प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयको बजेट डबल बनाइएको छ । आगामी आर्थिक वर्षका लागि उक्त मन्त्रालयमा ११ करोड ७ लाख ७१ हजार रुपैयाँ बजेट थप गरिएको हो । सो मन्त्रालयमा चालु आर्थिक वर्षमा १२ करोड ९४ लाख ३८ हजार रुपैयाँ विनियोजन गरिएकोमा आगामी आर्थिक वर्षका लागि ८६ प्रतिशत बजेट वृद्धि गरी २४ करोड २ लाख ९ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

चालु आर्थिक वर्षमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत २ अर्ब १८ करोड ४ लाख ९८ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा आगामी आर्थिक वर्षका लागि ७३ प्रतिशत बढी बजेट कटौती गरिएको छ । मुख्यमन्त्री कार्यालयको बजेटमा आर्थिक मामिलामन्त्री थपलियाले कैंची चलाउँदै चालु आर्थिक वर्षको तुलनामा १ अर्ब ६८ करोड रुपैयाँ बजेट काट्नुभएको हो । मुख्यमन्त्री कार्यालयका लागि आगामी आर्थिक वर्षमा ५० करोड ६४ लाख ३७ हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

यस्तै, आर्थिक मामिला तथा योजनामन्त्री थपलियाले कृषि तथा पशुपछी विकास मन्त्रालयको बजेटमा ७५ करोड ६५ लाख ३९ हजार रुपैयाँ र सामाजिक विकास मन्त्रालयको बजेटमा ८ करोड ९७ लाख ५ हजार रुपैयाँ कटौती गर्नुभएको छ । खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालयको बजेटमा १ अर्ब ७ करोड ३५ लाख ३२ हजार रुपैयाँ र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको बजेटमा १७ करोड ७७ लाख ६० हजार रुपैयाँ कटौती गरिएको छ । खेलकुद मन्त्रालयमा अघिल्लो आर्थिक वर्षमा १ अर्ब २३ करोड रुपैयाँ बढीको बजेट रहेकोमा हाल कुल बजेट नै ७४ करोड ५८ लाख २७ हजार रुपैयाँ रहेको छ । सो मन्त्रालयको बजेटमा झण्डै ४० प्रतिशत कटौती गरिएको छ ।

मन्त्री थपलियाले भौतिक पूर्वाधार मन्त्रालयको बजेट चालु आर्थिक वर्षको तुलनामा ९७ करोड ९२ लाख २८ हजार रुपैयाँ बढाउनुभएको छ भने संस्कृति तथा पर्यटन मन्त्रालयको बजेट २९ करोड ५८ लाख ८१ हजार रुपैयाँ बढाउनुभएको छ । वन तथा वातावरण मन्त्रालयको बजेट १८ करोड ९ लाख ४० हजार रुपैयाँ, स्वास्थ्य मन्त्रालयको बजेट ६२ लाख ७६ हजार रुपैयाँ र श्रम, रोजगार तथा यातायात मन्त्रालयको बजेट १६ करोड ८६ लाख १३ हजार रुपैयाँ बढाइएको छ । ती मन्त्रालयका अधिकांश कार्यक्रम वितरणमुखी रहेका छन् । विषेशगरी संस्कृति, पर्यटन, वन तथा वातावरण, श्रम तथा रोजगार मन्त्रालयले वितरणमुखी कार्यक्रहरु बजेटमा समावेश गरेका छन् ।

## शक्तिशाली मन्त्रीलाई बढी बजेट

प्रदेश सरकारको बजेट विषेशगरी शक्तिशाली मन्त्रीको भागमा बढी देखिएको छ । सरकार सञ्चालन र निर्माणमा भूमिका खेल्ले मन्त्रीहरुले आगामी आर्थिक वर्षको बजेटमा हालीमुहाली चलाएको देखिन्छ । बजेट बढाइएको मन्त्रालयमध्ये सबैभन्दा ठूलो आकार भौतिक पूर्वाधार विकास मन्त्रालयमा रहेको छ । सरकार निर्माणको समयमा सशक्त भूमिका खेल्नुभएका माओवादी केन्द्रका युवराज दुलालले सो मन्त्रालय चलाउँदै आउनुभएको छ ।

सरकार निर्माणमा महत्वपूर्ण भूमिका खेल्नुभएका अर्का मन्त्री हुनुहुन्छ, एकीकृत समाजवादीका लक्ष्मण लम्साल । श्रम, रोजगार तथा यातायात मन्त्रालय सम्हाल्नुभएका उहाँले आगामी आर्थिक वर्षमा बढेको बजेट चलाउनुहुनेछ । सरकार निर्माण तथा मन्त्रिपरिषद्मा महत्वपूर्ण भूमिका खेल्ने अर्का दुई पात्र एमालेका केशव पोखरेल र रामेश्वर श्रेष्ठ हुनुहुन्छ । उहाँहरुले क्रमशः वन तथा वातावरण र स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ । दुबै मन्त्रीले आगामी आर्थिक वर्षमा बढेर आएको बजेट परिचालन गर्नुहुनेछ ।

सरकार निर्माणमा निर्णायक भूमिकामा देखिनुभएका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले पनि बजेट बढी पाउनुभएको छ । हाम्रो नेपाली पार्टीका सांसद बज्राचार्यको मन्त्रालयको बजेटसमेत बढेको छ ।

सत्ता साझेदार दल एमालेका सांसद जगन्नाथ थपलियाले प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्हाल्दै आउनुभएको छ । वर्तमान मन्त्रिपरिषद्मा उहाँ निकै शक्तिशाली रहँदै आउनुभएको छ । निर्णायक भूमिकामा उहाँ महत्वपूर्ण पात्र हुनुहुन्छ । बजेट निर्माणमा सर्वशक्तिशाली पात्रको रुपमा उहाँले काम गरेको देखिन्छ । उहाँको मन्त्रालयको बजेटसमेत दोब्बरले बढेको छ ।

## तजबिजको बजेटमा वृद्धि

प्रदेश सरकारले आफ्नो तजबिजमा खर्च गर्ने गरी राख्ने बजेट पनि वृद्धि गरेको छ । आर्थिक मामिला मन्त्री थपलियाले आगामी आर्थिक वर्षका लागि अर्थ विविध शीर्षकको बजेट बढाएर ल्याउनुभएको छ । आफ्नो तजबिजबाट खर्च गर्न मिल्ने उक्त शीर्षकमा मन्त्री थपलियाले कुल बजेटको ७.३८ प्रतिशत बजेट विनियोजन गर्नुभएको छ । आगामी आर्थिक वर्षका लागि मन्त्री थपलियाले उक्त शीर्षकको बजेट चालु आर्थिक वर्षको तुलनामा ७५ करोड ५९ लाख ८३ हजार रुपैयाँले बढाउनुभएको हो । आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले अर्थ विविध शीर्षकमा ४ अर्ब ७६ करोड २२ लाख रुपैयाँ बजेट विनियोजन गरेकोमा हो । चालु आर्थिक वर्षमा उक्त शीर्षकमा ४ अर्ब ६२ लाख १७ हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो ।

# संघीयताको औचित्य पुष्टि हुन सकेनः सभामुख पाठक

समाज संवाददाता



हेटौंडाः बागमती प्रदेश सभाका सभामुख भुवन कुमार पाठकले संघीयता र प्रदेश सरकारको आवश्यकता र औचित्य पुष्टि हुन नसेकको टिप्पणी गर्नुभएको छ । उहाँले संघीयता र प्रदेश सरकारको स्थायित्वका बारेमा औचित्य पुष्टि हुन नसक्दा निरन्तर प्रहार र प्रश्न उठ्ने गरेको बताउनुभयो ।

कोशी प्रदेशका संसदीय पत्रकारहरुसँगको छलफल तथा अनुभव आदान-प्रदान कार्यक्रममा सभामुख पाठकले संघीयता र प्रदेश सरकारको आवश्यकता तथा जिम्मेवारीका विषयमा नागरिकसम्म पुऱ्याउनु पर्ने बताउनुभयो । राज्य व्यवस्थालाई सशक्त र बलियो बनाउन प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु संचालन गर्नुपर्ने उहाँको भनाई छ । 'प्रदेश सरकार र संघीयताको स्थायित्व हुन नसक्दा विभिन्न कोणबाट प्रहार भएको छ । नागरिकसम्म प्रदेश र संघीय संरचनाको मोडलको बारेमा बुझाई पुग्न सकेको छैन', सभामुख पाठकले भन्नुभयो, 'नागरिकसम्म प्रदेश र संघीयताको सवाललाई पुऱ्याउन कार्यक्रम चलाउनुपर्छ । प्रदेश सभाले चलाएको नमुना युवा संसद कार्यक्रमले संघीयताको स्थायित्वका लागि महत्वपूर्ण भुमिका खेलेको छ ।'

उहाँका अनुसार पछिल्लो समय युवा पुस्ताहरुमा राजनीति र राज्य संयन्त्र प्रति वितृष्णा बढ्दो छ । समाजमा नकारात्मक विषयले प्राथमिकता पाउन थालेको उहाँले बताउनुभयो । प्रविधिको विकाससँगै मिडिया क्षेत्रमा चुनौति थपिएको सभामुख पाठकले बताउनुभयो । प्रविधिको प्रयोगले सूचना प्रवाहलाई द्रुत बनाउनुको साथै चुनौति समेत थपेको उहाँको भनाई थियो । विश्वभर प्रविधिमा भएको विकासले प्रिन्ट मिडियाहरु बन्द हुने अवस्थामा पुगेको र प्रविधिको विकाससँगै एआई प्रविधिले सूचनाको प्रभावकारिता माथि नै हस्तक्षेप गरिरहेको उहाँले दावी गर्नुभयो ।

# रक्तदानको माग तथा वितरण बढ्दै



फाईल तस्वीर

समाज संवाददाता

हेटौंडाः रक्तदान कार्यक्रमको माग तथा वितरणको संख्या बढिरहेको छ । आर्थिक वर्ष २०८०/०८१ मा रक्तदान गर्ने रक्तदाता तथा विभिन्न संघसंस्थाले आयोजना गर्ने रक्तदान कार्यक्रम सकारात्मकरुपमा बढिरहेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले बताउनुभयो ।

जेठ महिनामा विभिन्न संघसंस्थाले आयोजना गरेको १४ वटा कार्यक्रममा ३ सय ८७ जना र केन्द्रमै पुगेर १८ जनाले रक्तदान गरेका छन् । महिनाको पहिलो दिन आधुनिक राष्ट्रिय माविले रक्तदान कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा २२ जनाले रक्तदान गरेका थिए ।

यस्तै, महालक्ष्मी विकास बैंकले आयोजना गरेको कार्यक्रममा २९ जना, मकवानपुर सहकारी अस्पतालले आयोजना गरेको कार्यक्रममा १३ जना र सोही दिन प्रज्ञा महाविहारले आयोजना गरेको कार्यक्रममा २७ जनाले रक्तदान गरेको सापकोटाले बताउनुभयो ।

टोल विकास संस्था वडा नम्बर ११ ले आयोजना गरेको कार्यक्रममा २२ जना, रसाइली समाज नेपाल मकवानपुरको कार्यक्रममा १३ जना, मुल समारोह समिति बागमती प्रदेशको कार्यक्रममा २९ जना, नेपाल रेडक्रस सोसाइटी फापरबारी शाखाको आयोजनामा भएको कार्यक्रममा ५१ जना, टोल विकास संस्था नगर समन्वय समिति हेटौंडा-१९ को आयोजनामा भएको कार्यक्रममा २४ जना, मकवानपुर ग्रिल तथा स्टिल व्यवसायी संस्थाले गरेको कार्यक्रममा २५ जनाले रक्तदान गरेका थिए ।

हिमचुली कृषि तथा सहकारी संस्था लिमिटेड, हेटौंडा-१६ को आयोजनामा भएको कार्यक्रममा २७ जना, सोलिड्यारिटी इन्टरनेशन स्कूल बाल सञ्जालको आयोजनामा भएको कार्यक्रममा ३३ जना, नेपाल समाजवादी नयाँशक्तिको आयोजनामा भएको कार्यक्रममा ३३ जना र बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय, रक्तसञ्चार केन्द्र हेटौंडा र नेपाल स्वयम्सेवी रक्तदाता समाजको संयुक्त आयोजनामा भएको कार्यक्रममा ३८ जनाले रक्तदान गरेका थिए ।

गत महिना केन्द्रले ३ सय ६७ युनिट रगत वितरण गरेको थियो । जसमा २५ वटा सेतो रगत रहेको सापकोटाले बताउनुभयो । उहाँका अनुसार केन्द्रमा 'ए' पोजेटिभ रगत कम रहेको छ । चालु आर्थिक वर्षको साउन महिनादेखि जेठ महिनासम्म विभिन्न संघसंस्थाले रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा ९७ वटा रक्तदान कार्यक्रम आयोजना गरेका छन् । जसमा ३ हजार ६३ जना रक्तदाताले रक्तदान गरेका हुन् ।

साउन महिनामा २ सय ४५ जनाले रक्तदान गरेका छन् । भदौ महिनामा २ सय ३९ जना, असोज महिनामा ३ सय ४९ जना र कार्तिक महिनामा १ सय ५७ जनाले रक्तदान गरेको केन्द्रको तथ्यांक छ । मंसिर महिनामा २ सय १२ जना र पुस महिनामा २ सय ३९ जनाले रक्तदान गरेका थिए । यस्तै, माघ महिनामा २ सय ५९ जना, फागुन महिनामा २ सय २४ जना, चैत्र महिनामा २ सय ८४ जना र वैशाख महिनामा ४ सय ६८ जनाले रक्तदान गरेका थिए ।

केन्द्रले चालु आर्थिक वर्षको जेठ महिनासम्म करिब ३ हजार ३ सय जनालाई रगत वितरण गरेको छ । केन्द्रले हेटौंडा अस्पतालको डायलासिस विभागमा निःशुल्क रगत वितरण गर्ने गरेको छ भने मकवानपुर बाहिर पनि आवश्यक परेमा रगत वितरण गर्ने गरेको छ ।

# ८२५ शिक्षकले त्यागे दलका सदस्यता

काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले १०० दिनको अवधिमा ८२५ जना शिक्षकले राजनीतिक दलको सदस्यता त्याग गरेको जानकारी दिएकी छन् । शिक्षामन्त्री श्रेष्ठले चैतमा शिक्षकहरुलाई राजनीतिक आवद्धता त्याग्न निर्देशन दिएकी थिइन् । साथै कुनै शिक्षक दलमा आवद्ध भए उजुरी दिन समेत आह्वान गरेकी थिइन् । मन्त्री भएको १०० दिनमा गरेको कामबारे जानकारी दिन मंगलबार पत्रकार सम्मेलन गरेकी मन्त्री श्रेष्ठले हालसम्म ८२५ जना शिक्षकले राजनीतिक दलको सदस्यता त्यागेको जानकारी दिइन् ।

....बाँकी पृष्ठ ४ मा

# Leonardo Da Vinchi



✍Saroj Prasad Sah



Leonardo da Vinci, born on April 15, 1452, in Vinci, Italy, was a polymath whose contributions spanned art, science, engineering, anatomy, and architecture. As the illegitimate son of a notary and a peasant woman, he received an informal education in Latin, geometry, and mathematics. At 14, Leonardo began an apprenticeship with Andrea del Verrocchio, a prominent Florentine artist. His early works, including "The Baptism of Christ," showed remarkable promise. By 1478, Leonardo established his workshop, and in 1481, he started the unfinished "Adoration of the Magi."

In 1482, Leonardo entered the service of Ludovico Sforza, Duke of Milan, where he worked on a range of projects, from painting and sculpture to engineering and military fortifications. During this period, he created "The Last Supper," a masterpiece renowned for its composition and emotional depth.

Leonardo's notebooks, filled with sketches and scientific observations, reveal his profound interest in anatomy, flight, and mechanics. His studies anticipated many modern inventions, including the helicopter and the tank. His anatomical drawings, based on dissections, significantly advanced medical knowledge.

After the fall of Milan in 1499, Leonardo worked in various Italian cities, including Venice, where he served as a military architect. In 1503, he returned to Florence and began work.

"Mona Lisa," celebrated for its innovative portraiture and enigmatic expression. In 1516, Leonardo accepted an invitation from King Francis I of France and moved to the Château du Clos Lucé near Amboise. He continued to work on scientific studies until his death on May 2, 1519.

Leonardo da Vinci is remembered as the quintessential Renaissance man, whose endless curiosity and inventive genius left an indelible mark on both art and science. His works continue to inspire and awe, embodying the fusion of creative and intellectual pursuits.

# Good Manners



✍Aadesh Gautam

We say "Thank you"
We say "please"
We don't interpret or tease
We don't argue,
We don't fuss,
We listen when folks talks to us,
We share our toys, and take our turn, Good manners aren't too hard to learn,
It…s really easy when you find, Good manners means, Just being kind.

*Sungabha Shichha Niketan,*
*Hetauda–6*


# विद्यार्थी परिचय



**रुशिका लामिछाने**

रुशिका लामिछाने हेटौडा-५ स्थित सिद्धार्थ शिशु सदन मा.वि को कक्षा-१० मा पढ्नुहुन्छ। रुशिकाको घर हेटौंडा-५ मा रहेको छ। रूशिकाको घरमा हजुर आमा, हजुरबुवा, बाबा, आमा र भाई हुनुहुन्छ। रुशिका घरको जेठी सन्तान हुन्। रुशिकाको बुवा व्यवसाय गर्नुहुन्छ। रुशिकाको आमा घरमै बस्नुहुन्छ र हजुर आमा, हजुरबुवा घरको सानो बारीमा तरकारी लगाउने गर्नुहुन्छ। रुशिका पहिले गाउँमा बसेर अध्ययन गर्नुहुन्थ्यो। तर, परिवारले रूशिकाको भविष्यलाई सोच्दै हेटौडा आएर सिद्धार्थ शिशु सदनमा भर्ना गर्दिनु भयो। रुशिकाले भविष्यमा डाक्टर बन्ने सोच राख्नुभएको छ। रूशिकाले छुट्टीको बेला खाना बनाउने, करेसामा पानी हाल्ने जस्ता घरायसी काम गरेर आमालाई सघाउनु हुन्छ। रूशिकालाई विभिन्न खेल खेल्न मन लाग्छ। खाली समयमा बाहिर घर अगाडी ब्याटमिन्टन खेल्न मन लाग्छ। मनोरञ्जनका निम्ति उनले विभिन्न सो हेर्ने कुरा बताउनुहुन्छ। रुशिकालाई आफ्नो विद्यालयको पुस्तक पढ्ने र बाँकी समय कथा र उपन्यासका किताब पनि पढ्न रुचि छ। रुशिकाको मिल्ने साथी पुस्ना गिरी, दिप्सु ढकाल हुन्। रूशिका सबैसँग बोल्न रुचाउने, कसैलाई सानो ठूलो व्यवहार नदेखाउने खालकी व्यक्ति हुन्। त्यसकारण रूशिका हँसिलो र नम्र छिन्।

# सामाजिक सञ्जालको प्रभाव



✍ श्रीयङ्का सिलवाल

अहिलेको युग प्रविधिको युग हो। यो युगमा बच्चादेखि लिएर सबैले प्रविधिको प्रयोग गर्छन्। सामाजिक सञ्जाल पनि हामीले प्रयोग गरिरहेका छौं। विद्यार्थी भविष्यका कर्णधार हुन्। विद्यार्थीलाई उचित शिक्षा दिलाउन सके भविष्यमा उनीहरुले देशको विकासमा ठूलो योगदान पुऱ्याउन सक्छन्। सामाजिक सञ्जाल भनेको समाज वा विश्वमा नै भएका घटनाको बारेमा खबर दिने प्रविधि हो, माध्यम हो। सामाजिक सञ्जालले विद्यार्थीमाथि निकै प्रभाव छोडेको छ।

अहिलेको समयमा सामाजिक सञ्जाल नचलाउने व्यक्ति धेरै कम छन्। सामाजिक सञ्जालले मानव जीवन लगायत विद्यार्थी जीवनमा पनि निकै प्रभाव पारेको छ। यस मध्ये सकारात्मक र नकारात्मक दुवै प्रभावहरु पर्दछन्। सकारात्मक प्रभाव मध्ये उनीहरुले राम्रो कुरा सामाजिक सञ्जालबाट प्राप्त गर्छन्, आफूले नजानेको कुराहरु सामाजिक सञ्जालमार्फत थाहा पाइरहेका हुन्छन्।

त्यति मात्र होइन, उनीहरुले आफूभन्दा टाढा रहेका परिवारको सदस्यसँगै सूचना आदानप्रदान गर्न पाएका छन्। यसले विद्यार्थी जीवनमा ठूलो भूमिका पनि निर्वाह गरेको छ। यसले विद्यार्थीलाई विभिन्न माध्यमबाट ज्ञान पनि प्रदान गरेको छ। जस्तै कोभिड-१९ को समयमा सबै विद्यालय बन्द हुँदा पनि हामीले सामाजिक सञ्जालमार्फत ज्ञान प्राप्त गऱ्यौं। यसले विद्यार्थीलाई मनोरञ्जन पनि प्रदान गरिरहेको छ। जस्तै आफूलाई उदाश महसुस गर्दा गीत सुनेर मनलाई मनलाई शान्त पार्ने, विभिन्न खेलहरु खेल्ने आदि। जसले हाम्रो मनलाई फुरुङ्ङ बनाउँदछ। हामीलाई हर्षित बनाउँदछ।

यसका नकारात्मक असरहरू पनि निकै छन्। जस्तैः मोबाइल चलाएपछि चलाएको चलाएकै गर्ने, मोबाइलमा नचिनेको मानिससँगै बोल्ने, मोबाइलमा ध्यान दिएपछि त्यसैमा मात्र लागीरहने, धेरै प्रकाश परेका कारण आँखा खराब हुने, कानमा पनि धेरै प्रेसर परेका कारण कान पनि राम्रोसँगै नसुन्ने, आफू भन्दा ठूलोले भनेको नमान्ने मोबाइल भएपछि अरू केही पनि छैन जस्तो गर्ने आदि।

त्यति मात्र होइन धेरै मोबाइल चलाएका कारण टाउको दुख्ने, सामाजिक सञ्जालमा धेरै व्यस्त भएर खाना खान, पानी पिउन बिर्सने, पढाईमा ध्यान नदिने, जे गर्न मन लाग्यो त्यही गर्ने, मोबाइल मार्फत चिनिएको व्यक्तिले धोका दियो भनेर आत्महत्या गर्ने, कक्षामा पनि शिक्षकको कुरा राम्रोसँगै नसुन्ने, पढेको कुरा पनि बिर्सने, समय अनुसार चल्न नजान्ने, एक्लै रमाउन खोज्ने, सम्झाउँदा पनि रिसाउने, मोबाइल बिना खाना नखाने, सामाजिक सञ्जालमा नकारात्मक कुरा हेरी त्यसको नक्कल गर्ने आदि।

सामाजिक सञ्जालका प्रभावले विद्यार्थीको व्यवहारमा सकारात्मक र नकारात्मक दुवै प्रभाव देखिएको छ। त्यसैले सामाजिक सञ्जाल धेरै भन्दा धेरै होइन उचित मात्रामा प्रयोग गरौं। जसले हामीमा सकारात्मक बानी, व्यहोराको विकास गराउँदछ। सामाजिक सञ्जालले हाम्रो जीवनमा निकै मद्दत पुऱ्याएको छ त्यसैले यो निकै महत्वपूर्ण र जोखिमपूर्ण पनि छ।

(मातृभूमि साहित्य समाज मकवानपुरले २०८१ साल जेठ ३१ गते आयोजना गरेको निबन्ध लेखनसम्बन्धी अभिमुखीकरण तथा स्थलगत निबन्ध लेखन प्रतियोगितामा प्रथम हुन सफल निबन्ध।)

*कक्षा-८, तुलसीमेहर मेमोरियल मावि, हेटौंडा-१०*

# हाम्रो परिवार



✍रिदिमा न्यौपाने

हजुरबुबा हजुरआमा सधैं ज्ञान छर्ने
आमाबुबा काकाकाकी धेरै माया गर्ने
मान्छे असल भए हुन्छ राम्रो घरबार
सबैभन्दा रमाईलो छ हाम्रो परिवार

दाइदिदीले कथा भन्दा हामी सुन्न बस्छौं
भान्छाघरमा आमा पस्दा सघाउन पस्छौं
माया पाउनु खुसी पाउनु अबको आएर
मिलीजुली काम गर्ने हाम्रो परिवार

संस्कार पनि परिवार झैं कति राम्रा
चालचलन पुस्तक झैं ज्ञान दिने हाम्रा
हिमालचली शिरबाट हेर्छौं यो संसार
नेपाल जस्तै राम्रो लाग्छ हाम्रो परिवार

*कक्षा-३, बालज्योति मावि, हेटौंडा-५*

# प्रधानमन्त्रीलाई चिठ्ठी



✍पवित्रा तिमल्सिना

सम्माननीय प्रधानमन्त्री ज्यू,
मितिः २०८१/०१/१४
सादर नमस्कार,
विषयः मैले चाहेको शिक्षा
महोदय,

हजुरको कुशलताको कामना गर्दछु। मैले अहिलेसम्म अध्ययन गरेको अनुभव बटुल्दा मैले शिक्षण शैली तथा शिक्षा व्यवस्थापनमा रहेको धेरै समस्याको अनुभूति गरेको छु। त्यसैले आज म मैले चाहेको शिक्षा विषयमा यस चिठ्ठीद्वारा हजुरसम्म पुग्ने सोचले यो चिठ्ठी लेख्दैछु।

शिक्षा अन्धकारको दुनियाँमा उज्यालो छर्ने, मानिसको जीवनलाई सार्थक बनाउने र जीवनलाई राम्रोसँग बुझी जीवन सजिलो साथ जिउन सक्ने बनाउने एक अमूल्य चिज हो। भनिन्छ नि "१ वर्षको सोच्छौ" भने बाली लगाउ, १० वर्षको सोच्छौ भने बिरुवा रोप र १०० बर्षको सोच्छौ भने शिक्षा लगानी गर।" तर बिडमवनासाथ म यो भन्दै छु कि नेपालको शिक्षा शैली १ वर्षे सोचमा परेको छ।

विद्यार्थीको दिमागमा बस् पढाई परीक्षाको लागि मात्र हो भन्ने छापिएको छ। यसको दोष म नेपालको शिक्षा शैलीलाई दिँदैछु। किनभने यहाँ टन्न किताब कापी मात्र बोक्यो विद्यालय गयो र त्यो विविध तरिकालाई दिमागमा उतार्न मुस्किल अवस्था रहेको देखिन्छ। विद्यार्थीलाई १० कक्षा पुगेपछि अब के पढ्छौं भन्दा १२ सजिलो विषय लिएर पास गर्छु र विदेश जान्छु। भविष्यको योजना नै विदेश जाने। विद्यार्थीलाई आफूले पढिरहेका ति अनगिन्ती ज्ञान भविष्यमा कहाँ प्रयोग गर्ने सम्म थाहा छैन। यसको समाधानको लागि पढिरहेको हरेक पाठमा यो खुलाइयोस् कि हामी यो किन पढ्दैछौं।


आदरणीय महोदय, हजुरलाई थाहा नै होला की चाइनामा विद्यार्थीलाई सानै उमेरदेखि लिखित शिक्षामा भन्दा व्यवहारिक शिक्षामा जोड दिन सिकाइन्छ। हाम्रो देशमा स्नातक तहको शिक्षा सकेर बस्ने विद्यार्थीले बनाउने घडी, ड्रोन आदि चाइनाका साना विद्यार्थीले बनाउने गर्छन्। पढ्ने विद्यार्थीले जीवनमा ति पढेका कुरा सदुपयोग गर्न सकोस्। अहिले विद्यार्थीलाई विद्यालयमा ६ घण्टा र ट्युसन ६ घण्टा गरी १२ घण्टा पढेर पास गर्नुपरेको देखिन्छ। जति किताबमा दिइएको पाठ हुन्छ, त्यो सबै समेट्न विद्यार्थीले दिन रात एक गरेर पढ्छ तर त्यो एक वर्षलाई मात्र सीमित रहन्छ।

म यो चाहन्छु की शिक्षा हासिल गरेर मानिस बेरोजगार बस्नु नपरोस्। अहिले लाखौं विद्यार्थी बेरोजगार छन्, किन त ? किनकी शिक्षा देशको माग अनुसार दिइरहेको छैन। देशको नाजुक स्तरलाई माथि उठाएर प्रगति गर्ने शिक्षा यहाँ दिइँदैन। मलाई लाग्छ कि अहिले नेपालले दिइरहेको शिक्षाले मानिसलाई साक्षर बनाउन हैन, साक्षरता दर बढाएको मात्र दिइरहेको छ। कुनै पनि विद्यार्थी आफूले विषय चुन्ने समय यो तय गर्छ कि यो विषय पढेर विदेशमा काम पाइन्छ कि पाइँदैन ? के नेपाल विदेशलाई जनशक्ति प्रदान गर्ने मात्र गर्छ ? शिक्षा अन्धकारमा रहेको मानिसलाई उज्यालोमा ल्याउने काम गर्छ भनिन्छ तर नेपालको पढाइ उज्यालोबाट अन्धकारमा पो पठाइन्छ किन झैं मलाई लाग्छ।

एउटा विद्यार्थी रात दिन एउटै कोठामा बसेर पढिरहन्छ र बल्ल-बल्ल त्यो कक्षा पास गरेर ठूलो कक्षा पुग्छ तर उसको त्यो साल भरीको पढाई त्यही परीक्षासम्म सीमित रहन्छ। यति गरेर पढेपछि त्यति धेरै खर्च गरेपछि पनि जागिर खान मुस्किल। यसको समाधान भने शिक्षा शैलीलाई लिखितमा मात्र सीमित नबनाएर व्यवहारमा उतार्न र त्यो शिक्षाले जीविकोपार्जन गर्न सकिने बनाउनुपर्छ। म यो पत्र मार्फत शिक्षा शैलीमा केही बदलाव ल्याई देशको मुहार बदल्न सक्नुहुने आदरणीय प्रधानमन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु।

*कक्षा-११, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, हेटौंडा-४*

# माछा मान्छे



✍ सोनिशा दङ्गाल

मैले पढेको पुस्तकको नाम माछा मान्छे हो। यसका लेखक इन्दु पन्त हुनुहुन्छ। यो कथा विधाको पुस्तक हो। यसलाई कथालङ्क काठमाडौंले २०७३ सालमा पहिलो संस्करणको रुपमा प्रकाशनमा ल्याएको हो भने २०७६ सालमा हजार प्रति छाप्दै दोस्रो संस्करण पनि बजारमा उपलब्ध रहेको छ। २४ पृष्ठ संख्या भएको सानो आकारको पुस्तक रहेको छ।

यस पुस्तकले प्रतीक्षाको फल मिठो हुन्छ भन्ने विषयलाई समेटेर कथा बनाएको छ। किताबभित्र पढ्नुपर्ने अभ्यास वा विषयहरू माछा मान्छे मात्रै रहेका छन्। रङ्गीन कागजमा विभिन्न चित्रहरू राखी छापिएको यो पुस्तकमा आधा माछा र आधा मान्छे भएको चित्र छ र एक सानी नानीको सुन्दर चित्र पनि रहेको छ हेर्दा पुस्तक निकै नै आकर्षक लाग्दो रहेको छ। यो पुस्तक पढ्न मलाई २० देखि २५ मिनेट मात्र लाग्यो। किनकि यो सानो आकारको पुस्तक हो र यस पुस्तकमा लेखिएको भाषा शुद्ध छन्, प्रष्ट बुझ्न सक्ने खालका छन्। हरेक शब्दका अर्थहरु पनि सजिलै बुझ्न सकिने खालका छन्। यो पुस्तक साना नानीबाबुहरूका लागि भाषा र अक्षर सिक्नका लागि निकै नै सजिलो पुस्तक रहेको छ। यस पुस्तकले हामीलाई सुखमा मात्तिनु हुन्न र दुःखमा आत्तिनु पनि हुँदैन, कोही नहुनेको पनि भगवान हुन्छ, दुःख परेकालाई कुनै रुपमा आएर हामीलाई भगवानले मद्दत गरिरहनु भएको छ भनेर बुझाउन खोजिएको छ।

यस पुस्तकमा मलाई पढ्दै गर्दा र माइलो लागेको कुरा यहाँ एकजना पात्रका रूपमा आएका काकालाई डोरी देख्दा पनि सर्प जस्तो लागेर तर्सिएको घटना भने मलाई निकै महत्वपूर्ण लाग्यो। त्यस्तैगरी काकाको सपनामा माछा मान्छेको रुपमा आएर भगवानले जस्तै अर्ति दिएर गएको कुरा पनि रहेको छ। मलाई यो पुस्तक निकै नै मनपऱ्यो। यसमा रहेका चित्र र यस कथामा व्यक्त गरिएका शब्दहरू सजिलै बुझ्न सक्ने र आकर्षक पनि रहेको छ। यो पुस्तकमा म जस्तै साना साथीहरुलाई पढ्नका लागि आग्रह गर्दछु। यो पढ्दै गर्दा मैले यसमा सच्याउनुपर्ने कुनै कमजोरी देखिन। र अन्तमा म यो पुस्तक पढेर सबैलाई यो भन्न चाहन्छु कि हामीले नराम्रो काम कहिल्यै गर्नु हुँदैन र कसैलाई पनि नराम्रो व्यवहार गर्नु हुँदैन, यो पुस्तकबाट लिन सकिने ज्ञान यही नै रहेको छ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।



**सम्पादक।**

# हामी नेपाली



**प्रत्युसा स्याङतान**

बन्दैनौं गुलाम कसैको पनि हामी नेपाली
सामना गर्छौं सबैसँग शीर उचाली
जन्मेका थिए यहि देशमा गौतम बुद्ध
फैलियो नाम गरेर मन सबैको शुद्ध

विविधतामा एकता भएको हाम्रो यो देश
जातिअनुसार सबैको छ फरक भेष
बनेको छ हाम्रो प्यारो देश मिलेर हिमाल पहाड तराई
सबै नेपाली छन् हाम्रा मित्र कोहि होइनन् पराई

*कक्षा-८, ज्ञानदा मावि, हेटौंडा-१०*

# मेरो जन्मभूमि



**कृषा माझी**

विभिन्न धर्म, जातिका यहाँ मिलेर बसेका
मिलेर बसी एक अर्कासँग पिरती गाँसेका

सर्वोच्च हिमाल छ यहाँ अत्यन्त सुन्दर
हेरेर अझै मनमा बढ्यो चढ्ने रहर

स्वर्गभन्दा प्यारो लाग्छ मेरो मातृभूमि
हिमाल पाखा पखेरोले सज्यो जन्मभूमि

शान्तिको दियो बोकेर जन्मे गौतम बुद्ध
देवको थलो  नेपाल शुद्ध र पवित्र

नजाऊ दाइ छाडेर देश अरुको मुलुकमा
मिलेर बसौं प्रगति गरी आफ्नै स्वदेशमा


हिमालबाट निस्किने नदी, खोला र झरना
यी नै श्रृंगार हुन मेरो जन्मभूमिको गहना

स्वच्छ वातावरण स्वर्गझैँ हाम्रो देश
मिलेका छन् यहाँ हिमाल, पहाड, मधेश

जन्मभूमि हो मेरो प्रेम र गर्वको आधार
जन्मभूमि सदाभर रहोस् मेरो यो प्यार

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# आमा



**वर्षा सञ्जेल**

आमा हजुरको छोरी भइ सधैँ जन्मिन पाउँ
हजुरको त्यो उज्यालो अनुहारमा खुशी छर्न पाउँ

डर छैन आमा मलाई हजुर सँग हुँदा
फकाउनु हुन्छ हजुरले मलाइ म जहिल्यै रुँदा

साना साना औंलाले हजुरको हात समाइ
म हजुरको मन मुटुमा बसेछु रमाइ

काला काला अक्षर लेख्न सिकाउने हजुर एउटा
हजुर मेरो जीवनको एकमात्र देउता

तोते बोली बोल्न सिकाउने ताते ताते हिड्न सिकाउने
को हो पराइ को हो आफ्नो सिकाउने हजुर चिन्न

हजुरको सानी नानी छोरी सबैभन्दा ज्ञानी
हजुरको दुःखमा साथ दिने म छदै छुनी

राम्रो सँग पढी लेखी ठूलो मान्छे बन्छु
हजुरको सारा सपना अब म पूरा गर्छु

*कक्षा-७, बालजागृति यूवा वर्ष मावि*
*हेटौंडा-६*

# परदेशी



**कृतिका हुमागाईं**

सुनेको थिएँ सानो हुँदा यस्तो उस्तो
अनि कस्तो राम्रो हुन्छ रे ! विदेश
ठुलो भवन खचखचिएको मान्छेको हुल
अनि लोभ लाग्दो वातारण हुन्छ रे परदेश

ठुलो हुँदै जाँदा सिचे सपना उड्ने आकाशमा
तर बाध्यता डार्यारो विदेशीको काखमा
बुझ्न परिवेश परदेशीको त्याग्नुपर्यो आफ्नो देश
भएँ त्यहाँ अनजान अनि धारण गरेँ अनौठो भेष

टेक्यो मेरो खुट्टाले जब त्यो चिटिक्क भूमि
बल्लभयो अनि परदेशको अनुभूति
आफैँमा खुसीको बल्दिानमा आफैँमा खुसी जनाउँदै
त्यहाँ ज्यानको बाजीमा आफ्नै ज्यान जोगाउँदै

पसिना संघर्षको  खुशी त्यागको
सब झोलिँदै कति न कति टाढा आएँ
सुन्नमा थियो राम्रो अनि हर्नमा पनि त्यति नै
आएर थाहा भयो कति गाह्रो छ जीवन जोगाउन

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*

# देश



**तारा तामाङ**

कति राम्रो देश
कति राम्रो देश
जति राम्रो देश
त्यत्ति राम्रो परिवेश

हिमाल, पहाड, तराई
कोही छैन पराई
सबै बसेका छन् मिली
तिमी बन्नु गोर्खाली


कोपिलाबाट फुल कहिले बनुँला नि म
देशका निम्ति कहिले लडुँला नि म
देशका उद्यत् कहिले बनुँला नि म
देशका निम्ति कहिले मरुँला नि म

देशको युवा विदेशमा
देशको शत्रुजति स्वदेशमा
स्वर्ग जस्तो भूमि
बन्दैछ मरुभूति

नेपाल हाम्रो गौरव हाम्रो छ कित राम्रो
गरेमा संकल्प हुँदैन असम्भव सबै हुन्छ राम्रो
विविधतामा एकता छन् हाम्रो देश
हिमाल, पहाड, तराई सजिएको देश

तारा तामाङ
कक्षा-१०, अमर मावि, हेटौंडा-१

# चित्रकला





**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बड्डी प्रि-स्कुल, हेटौंडा-४**







**रज्जु गोले**
**कक्षा-९, बाल जागृति युवा वर्ष माध्यमिक विद्यालय, हेटौंडा-६, गौरीटार**





**विभु वाग्ले**
**कक्षा-९, बालज्योति मावि, हेटौंडा-४**





**यमना गौतम**
**कक्षा-९, जिएस निकेतन हेटौंडा-५**





**सलिसा ताम्राकार**
**कक्षा-५, निर्मल मावि, हेटौंडा-१९**

# खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी गोष्ठी सम्पन्न

समाज संवाददाता

हेटौँडाः खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौँडाको आयोजना र मकवानपुर उद्योग वाणिज्य संघको सहकार्यमा एक दिवसीय प्रदेशस्तरीय खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी गोष्ठी भएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौँडाका कार्यालय प्रमुख तथा वरिष्ठ खाद्य अनुसन्धान अधिकृत काशिनाथ घिमिरेको अध्यक्षता तथा उद्योग तथा वाणिज्य कार्यालय हेटौँडाका प्रमुख रामप्रसाद भुषालको प्रमुख आतिथ्यमा मंगलबार मकवानपुर उद्योग वाणिज्य संघको सभाहलमा कार्यक्रम भएको हो ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणराज न्यौपाने र मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा विभिन्न कार्यालय तथा संघ, संस्थाका प्रमुख तथा प्रतिनिधि, उद्योगी/व्यवसायीको सहभागितामा कार्यक्रम भएको हो । कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौँडाका प्रमुख काशिनाथ घिमिरेले कार्यालयको गतिविधिबारे जानकारी गराउनुभएको थियो । साथै कार्यालयका खाद्य अनुसन्धान अधिकृत प्रगति अधिकारीले उद्योग दर्ता, नवीकरण तथा अनुमतिका कानूनी प्रावधानलगायतको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणराज न्यौपानेले आवश्यक्ता भन्दा बाहेकका चहना पूरा गर्न अरुलाई असर पर्ने काम गर्न नहुने, सिमापारबाट आउने खाद्य सामानहरुको गुणस्तर यकिन हुनुपर्ने र त्यसका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले स्पष्ट गर्नुपर्ने बताउनुभयो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले गुणस्तरयुक्त भनेको बस्तु पछि गुणस्तरहिन ठहरिएको बिगतमा पाएको, गुणस्तरले अन्तर्राष्ट्रिय बजारमा हाम्रो देशप्रतिको धारणा निर्माण हुनेभएकाले सजग रहनुपर्ने, कानूनलाई सेवा पुग्नेगरी कार्यालयका काम परिलक्षित रहनुपर्ने उहाँको भनाइ थियो ।

हेटौँडा उपमहानगरपालिकाका अधिकृत हिम प्रसाद पौडेलले लघु उद्योगलाई अनुज्ञापत्र सहज गर्नुपर्ने बताउनुभएको थियो। उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडाले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले पालिकाहरुसँग सहकार्य गरी नियमन गर्नुपर्ने, कारवाहीका नतिजा सार्वजनिक गर्नुपर्ने, नयाँ बनेको खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ ले सरोकारवाला निकायहरुसँग सहकार्य गर्ने बारे स्पष्ट व्यवस्था नगरेको, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले अनुगमनको प्रभावकारिता बढाउनुपर्ने बताउनुभएको थियो ।

उपभोक्ता मञ्च नेपालका बागमती प्रदेश संयोजक कुमार पौडेलले खाद्य गुणस्तर सम्बन्धमा उपभोक्तालाई सचेत गराउन सकेमा उत्पादक स्वतः सतर्क हुने बताउनुभयो । उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माले छिमेकी मुलुकका दुध, तरकारी जस्ता सामानहरुको गुणस्तरबारे राज्यसँग भर नपरी उपभोक्ता स्वयम् सचेत रहनुपर्ने बताउनुभएको थियो। मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले मकवानपुर उद्योग वाणिज्य संघले उद्योगी/व्यवसायी तथा सर्वसाधारणलाई सचेत गराउँदै विभिन्न सरकारी निकायहरुका अनुगमनमा सहकार्य गर्दै आएको जानकारी दिनुभयो। उद्योगी/व्यवसायीले कतिपय समयमा अनभिज्ञताको कारण प्राविधिक विषयहरुमा समस्या झेल्नुपरेको अनुभव सुनाउनुहुँदै उहाँले नियमबारे सुसूचित गर्नुपर्ने, नक्कली चामल बिक्री गरेको झुटो आरोपमा व्यवसायीले जेल बस्नुपरेको घटनाले पीडित व्यवसायीको मनोदशा के भयो होला ? भनेर प्रश्न गर्नुभएको थियो ।

उद्योग तथा वाणिज्य कार्यालय, हेटौँडाका प्रमुख रामप्रसाद भुषालले अनुगमनको दायरा अनुरुप सरोकारवाला निकायहरुसँग सहकार्यमा काम गर्नेगरेको बताउनुभयो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौँडाका प्रमुख काशिनाथ घिमिरेले ऐनका प्रावधान निर्माणमा कार्यालयको भूमिका नहुने खाली कार्यान्वयनको जिम्मेवारी मात्र रहने बताउनुभयो । बजार अनुगमन गर्दा सम्बन्धित पालिकाको प्रतिनिधिलाई समेट्ने गरिएको, प्रयोग गरिएको बस्तु, प्रविधि र प्याकेजिङको आधारमा खाद्य बस्तुको म्याद फरकफरक निर्धारण हुनसक्ने, अनुसन्धानमा गोप्य राख्नुपर्ने बाहेकका क्रियाकलापहरुको त्रैमासिक समिक्षा सार्वजनिक गर्ने उहाँले बताउनुभएको थियो ।

## ८२५ शिक्षकले...

उनका अनुसार २० जनाले भने शिक्षण पेशाबाट राजीनामा दिएका छन् । ४५ जना शिक्षकविरुद्ध उजुरी परेको थियो, जसमध्ये ४१ जनालाई स्पष्टीकरण सोधिएको थियो । स्पष्टीकरण सोधिएकामध्ये ४ जनाले सफाइ पाएका छन् । शिक्षामा दलीयकरणले लगानी अनुसार प्रतिफल प्राप्त नभएको भन्दै उनले आफ्नो पहलमा साथ दिन आग्रह गरिन् । 'शिक्षामा दलीय राजनीति हुनु हुँदैन भनेर मेरो अन्तिम सास सम्म नछाड्ने कुरा हो, अहिले हामीले गरेको काम शुरुवात हो' उनले भनिन् 'सबैजनाले सहयोग गर्नुभयो भने सजिलो हुन्छ, नत्र गाह्रो हुन्छ ।'

मन्त्री श्रेष्ठले शिक्षक सरुवासम्बन्धी निर्देशिकाको बचाउ गरिन् । गत १३ जेठ मन्त्री श्रेष्ठले जारी गरेको शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ ले सामुदायिक विद्यालयका शिक्षक सरुवा असहज बनाएको र विद्यालय व्यवस्थापन समितिको अधिकार कटौती गरेको भन्दै आलोचना भइरहेको छ । मन्त्री श्रेष्ठले भने राजनीतिक पहुँचको आधारमा हुने शिक्षक सरुवालाई व्यवस्थित गर्न निर्देशिका जारी गरेको र यसले शिक्षकहरुबीच प्रतिस्पर्धा बढाउने तर्क गरिन् । निर्देशिकाले जो योग्य छ, उनीहरुको शिक्षकको सरुवा हुने व्यवस्था गरेको भन्दै उनले भनिन्, 'यसले धेरै शिक्षकबीच प्रतिष्पर्धा हुन्छ ।'

मन्त्री श्रेष्ठले सार्वजनिक गरेको सय दिनको काम तथा उपलब्धिको सूचीमा बैठक बसेकोदेखि निर्णय गरेका विवरण समेत उल्लेख छ । विज्ञान तथा प्रविधि दशक मनाउन विज्ञानसम्बन्धी विभिन्न मापदण्ड तयार पारेको, डायनोस्टिक रेडियोलोजी मेडिकल उपकरणको प्रयोगसम्बन्धी मापदण्ड, न्युक्लियर मेडिसिन संयन्त्र सञ्चालन तथा उपकरणको प्रयोगसम्बन्धी मापदण्ड स्वीकृत गरेको बनाइन् । रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियम, २०७८ कार्यान्वयन गर्दै एक महिने तालिमको पाठ्यक्रम स्वीकृत गरी तालिम संचालन भएको उनले जानकारी दिइन् ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन मस्यौदा विधेयक, व्यवहारिक विज्ञान प्रविधि तथा उद्यमोदय कोष मस्यौदा विधेयक सरोकारवालाहरुको सुझाव लिइरहेको, शिक्षकको काज फिर्ताको काम गरिरहेको, राष्ट्रिय परिचयपत्रलाई विद्यार्थीसँग जोड्ने योजना बनाएको पनि शिक्षामन्त्री श्रेष्ठले जानकारी दिइन् । शिक्षाविद् मिनाक्षी दाहाल भने शिक्षामन्त्री प्राथमिकता छुट्याएर काम गर्न चुकेको बताउँछिन् । उनले भनिन्, शिक्षा ऐन, थुप्रै कार्यविधि तथा नियमावलीहरु संशोधन गर्नुपर्ने छ, कतिपय नीतिगत गाँठो फुकाउनुपर्ने छ । त्यसैलाई प्राथमिकतामा राख्नुपर्छ ।'

उनका अनुसार मन्त्री श्रेष्ठले सुरुमा शिक्षासम्बन्धी जानकारहरुको बलियो समूह बनाएर स्वेतपत्र ल्याएको र त्यसअनुसार काम गरेको भए प्रभावकारी हुन्थ्यो । 'त्यो नगरेर अलि पपुलिज्मतिर जानुभयो', शिक्षाविद् दाहाल भन्छिन् । शिक्षक सरुवासम्बन्धी निर्देशिका बृहत छलफल नगरी ल्याए अरिंगालको गोलामा हात लगाएजस्तै हुने उनको तर्क छ । पालिकाहरुसँग छलफल गरेर गर्नुपर्ने कामहरु नगरेर त्यहींभित्र हराएको भन्दै दाहालले भनिन्, 'शिक्षामन्त्रीको १०० दिनको काम तस्दुरुस्तीका लागि घुमाइने साइकलको चक्काझैं भएको छ । त्यो साइकल चलाएर न कतै पुगिन्छ, न वजन तलमाथि हुन्छ ।' *स्रोतः अनलाइनखबर ।*

# स्काउटका विद्यार्थीलाई पोशाक वितरण

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१९, बस्तिपुरमा रहेको निर्मल माध्यमिक विद्यालयका ४० जना स्काउटका विद्यार्थीलाई १९ नम्बर वडा कार्यालयले स्काउटको पोशाक सहयोग गरेको छ । मंगलबार विद्यालय परिसरमा वडा अध्यक्ष नरनाथ सुवेदीको उपस्थितिमा विद्यार्थीलाई पोशाक वितरण गरिएको विद्यालयका प्रधानाध्यापक प्रवोध विडारीले जानकारी दिनुभयो ।

वडा कार्यालयले एक लाख लागतमा ४० जना विद्यार्थीलाई पोशाक वितरण गरेको हो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल १ हजार ७ सय जना विद्यार्थी अध्ययनरत छन् ।

# चन्द्रोदय माविलाई शैक्षिक सामग्री हस्तान्तरण

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका ८ नम्बर वडा कार्यालयले चन्द्रोदय माध्यमिक विद्यालयलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ । मंगलबार कार्यालयले विज्ञान तथा गणित विषयको शैक्षिक सुधारका लागि एक सय आठ प्रकारको प्रयोगात्मक सामग्री हस्तान्तरण गरेको ८ नम्बरका वडाध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो ।

वडा अध्यक्ष थापाले विद्यालयका प्रधानाध्यापक जीवन ढकाललाई ३ लाख रुपैयाँ बराबरको शैक्षिक सामग्री हस्तान्तरण गर्नु भएको हो । वडाले कार्ययोजना अनुसार सामुदायिक विद्यालय सहयोग गरेको थापाले बताउनुभयो । कार्यक्रममा कार्यालय सचिव भगवती रिमाल, सहायक कर्मचारी उषा मिश्र, विद्यालयका विज्ञान तथा गणितका शिक्षक लगायतको उपस्थिति रहेको थियो । थापाको अनुसार वडाले अरु विद्यालयलाई अन्य हिसाबले सहयोग गर्दै आएको छ ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
हेटौँडा, मकवानपुर
Email:sambridhasamaj@gmail.com

# दाबिले टोलको अध्यक्षमा पुनः न्यौपाने

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१७, हटियास्थित दाबिले टोल विकास संस्थाको अध्यक्षमा दोस्रो कार्यकालका लागि हेमप्रसाद न्यौपाने सर्वसम्मत चयन हुनुभएको छ। शनिबार भएको दोस्रो अधिवेशन तथा तेस्रो वार्षिक साधारणसभाबाट पुनः न्यौपानेको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन भएको छ ।

संस्थाको उपाध्यक्षमा विनोद सुवेदी, सचिवमा कृष्णप्रसाद पराजुली, सहसचिवमा दीपक देवकोटा र कोषाध्यक्षमा अस्मिता देवकोटा चयन हुनुभएको छ । सदस्यमा प्रमिता पराजुली, कल्पना देवकोटा, राजकुमार अधिकारी, मोहन सापकोटा, अनिष कार्की र रिमा देवकोटा चयन हुनुभएको हो । नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल २ बर्षको हुनेछ ।

संस्थाका अध्यक्ष न्यौपानेको सभाध्यक्षता तथा वडा सदस्य नवराज न्यौपानेको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको हो । वडा सदस्य न्यौपानेले बजेट तर्जुमा प्रक्रियामा टोल विकास संस्थालाई सहभागी गराउने र भवन निर्माण गर्न र नमूना टोल विकास बनाउने विषय वडा कार्यालयमा छलफल गर्ने बताउनुभयो ।

उद्घाटन कार्यक्रममा संस्थाका सल्लाहकार समितिका संयोजक सीताराम न्यौपाने, हटियाचोक टोल विकास संस्थाका अध्यक्ष सुनिल राउत, सानो गंगटे टोल विकास संस्थाका अध्यक्ष झम्कनाथ सुवेदी, जुरेथुम पर्यटन पार्कका अध्यक्ष शंकर राउत, नगर टोल विकास संस्था वडा समन्वय समितिका सदस्य देवराज अधिकारीको आतिथ्य रहेको थियो ।

ग्रामीण जागरण तथा विकास संगठन नेपाल, मकवानपुर
RADO-Nepal

पुराना मोटरसाइकल लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

(तेस्रो पटक प्रकाशित मिति: २०८१/०३/०५)

यस संस्थाको भौतिक परिक्षण उप-समितिको राय र कार्यसमिति निर्णय तथा २०८०/०६/२७ गते बसेको साधारण सभाको निर्णयानुसार यस संस्थाको स्वामित्वमा रहेका तपशिल बमोजिमका पुराना मोटरसाइकलहरु जे-जस्तो अवस्थामा छन सोहि अवस्थामा निम्न शर्तहरुको अधिनमा रही लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति वा फर्महरुलाई सुचना प्रकाशित मितिवाट ७ (सात)दिन भित्रमा शिलबन्दी बोलपत्र पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| सि.नं | लिलाम हुने सामानको विवरण | परिमाण |
|---|---|---|
| १. | यामाहा SZRR मोटरसाईकल | ७ थान |
| २. | होण्डा XR मोटरसाईकल | १ थान |
| ३. | हिरो होण्डा Pleasure Scotty | १ थान |

लिलामको शर्तहरू

१. मोटरसाइकलको सम्पूर्ण विवरण बोलपत्र फारममा उल्लेख गरिएको छ ।
२. लिलाममा सहभागि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र तथा संस्था/कम्पनि/फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन पेश गरिसकेपछि यस संस्थाको कार्यालयबाट बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।
३. लिलाम विक्रीको न्यूनतम मूल्य बोलपत्र फारममा उल्लेख भएको हुनेछ ।
४. लिलाम बिक्रीमा सहभागि व्यक्ति वा फर्मले आफूले सकार गर्ने साधनको विवरण र रकम जम्मा गरेको सक्कल भौचर समेत संलग्न गर्नुपर्ने छ। रकम जम्मा गर्दा यस संस्थाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, हेटौडा शाखाको चल्ती हिसाब नं १३००१००००२७८७००१ मा जम्मा गर्नुपर्ने छ ।
५. सामान हेर्न चाहनेहरुको लागि लिलाम हुने मोटरसाईकल यस संस्थाको कार्यालय हेटौडा-२, मनकामना चोकमा राखिएको ठाउँमा अवलोकन गर्न सकिने छ ।
६. लिलाम सकार गर्ने व्यक्ति वा फर्मलाई नियमानुसार मोटरसाईकल संस्थाले २ महिना भित्रमा नामसारी गरिदिने छ । नामसारी भएपछि मात्र उक्त मोटरसाईकल सम्बन्धित व्यक्ति वा फर्मलाई हस्तान्तरण हुनेछ ।
७. बोलपत्र दाताले कुनै एउटा वा सबै मोटरसाईकलको खरिद मुल्य पेश गर्न सक्नेछ । यसरी पेश गरेको मुल्यमा प्रत्येक मोटरसाइकलको अलग अलग मुल्यांकन हुनेछ ।
८. संस्थाले सबैभन्दा बढी मुल्य पेश गर्ने बोलपत्रदातालाई मोटरसाईकलको नामसारी गर्ने छ ।
९. मोटरसाइकल नामसारी गर्दा लाग्ने शुल्क खरिदकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।
१०. बोलपत्र पेश गर्दा अन्तिम दिनको १२:०० सम्म पेश गर्नु पर्ने छ र सोहि दिन २:०० वजे बोलपत्र खोलिने छ ।
११. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोहि समयमा बोलपत्र खोलिने छ ।
१२. अन्य थप केही भएमा संस्थाको नियम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर, बागमती प्रदेश, नेपाल

सोलार ब्याट्री तथा प्यानल खरिद र जडानकालागि शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०३।०५

यस गाउँपालिकाको चालु आ व ०८०।०८१ को लागि सोलार ब्याट्री तथा प्यानल खरिद गरि जडान गर्नु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही प्रथम पटक प्रकाशित सुचनाको मितिबाट पन्ध्र दिन भित्र रितपूर्वक शिलवन्दी दरभाउपत्र EGP मार्फत पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि गाउँपालिकाको वेवसाइट (httpsM//makawanpurgadhimun.gov.np) तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको (E–GP) पोर्टलबाट हेर्न सकिने गरी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।


प्रमुख प्रशासकिय अधिकृत

PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।


Laya Shrestha


Pradip Adhikari

उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ